# आर्थिक वर्ष २०७७/७८ को निति तथा कार्यक्रम

यस देउमाई नगरपालिकाको चौथो नगर सभामा उपस्थित सभाका सदस्य ज्यूहरु,

सर्वप्रथम म नेपालमा भएका विभिन्न लोकतान्त्रिक आन्दोललहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने वीर शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

नेपालको सम्बिधान २०७२ को भाग ५ मा व्यवस्था भए बमोजिम मिति २०७३-११-२७ गते नेपालका अन्य स्थानिय तह संगै यस नगरपालिकाको गठन भएको हो । दोस्रो चरणको स्थानिय तहको निर्वाचन २०७४ साल असार १४ गते भएको निर्वाचनबाट यस देउमाई नगरपालिकाले पनि पचासजना निर्वाचित प्रतिनिधिहरु प्राप्त गरि सकेको छ।

साथै संघिय प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन भै केन्द्रिय सरकार र प्रदेश सरकार पनि गठन भै सकेको बिध्यमान अवस्थामा

राजनितिक संक्रमणको अन्त्य भै देशले तिनै तहको स्थिर सरकार प्राप्त गरि सकेको हामि माझ सर्व विधितै छ, देशले अवको बाटो सम्बृद्ध नेपाल, सुखी नेपाली भन्ने सोचलाई साकार पार्न स्थानिय तहको गहन भुमिकालाई निर्वाह गर्न हामि जन-निर्वाचित प्रतिनिधिहरु प्रतिबद्ध छौ भन्ने कुरा यहाहरु माझ राख्न चाहान्छु।

आज यहाँहरु माझ देउमाई नगरपालिकाको चौथो नगर सभाबाट यस नगरपालिकाको सम्बृद्दि र दिगो विकासको लागि नगर कार्यपालिकाले पारित गरेका केहि नितिगत निर्णयहरु निम्न बमोजिम पेश गर्दछु ।

**सर्वप्रथम नगरको सन्तुलित, दिगो र आधुनिक विकास गर्न आवस्यक योजना निर्माणका लागि सुरुवात गरिसकेको यहाहरु माझ बिधितै छ। नगरको यथार्थ चित्रण गर्न नगर प्रोफाइलको बिधिबाट सुरुवात गरि बृहत नगर विकास योजना निर्माण गरि तल उल्लेखित भएका निति तथा कार्यक्रमहरुलाई कार्योनोयन गर्दै हाम्रो नगर अघि बड्ने मा विश्वस दिलाउन चाहान्छु।**

## १.स्वास्थ्य

नेपालको संबिधान २०७२ ले ब्यवस्था गरे अनुसार स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा लिईएको र सबै नेपालीहरुलाई गुणस्तरीय अधारभूत स्वास्थ्य सेवा प्रदानगरी नेपाली जनताको स्वास्थ्य स्थितीमा अपेक्षित सुधार ल्याई स्वस्थ जीवन यापन गर्न नेपालको संघिय सरकार र प्रादेशिक सरकारले निति तथा कार्यक्रम ल्याई संचालन गरिरहेकामा स्वास्थ्य सेवाका प्रबर्ध्दनात्मक, प्रतिरोधात्मक,निदानात्मक, उपचारात्मक र पुनर्स्थापकीय सेवालाई अझ प्रभावकारी,सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न यस नगरपालिकाले  संघिय सरकार र प्रादेशिक सरकारको निति तथा कार्यक्रमलाई सहयोग पुग्नेगरी कार्यक्रम संचालन गर्न निम्न निति तय गरिएकोछ ।

- सुरक्षित मात्रित्व तथा शिशु स्याहार सहयोग कार्यक्रमलाई निरन्तरता दिइएको छ।
- स्वास्थ्य चौकि नभएका वडामा स्वास्थ्य संस्थाको स्थापना गरिने छ। यस अन्तर्गत वडा नं.-२ सापजुङ्गमा

सहरी स्वास्थ्य भवन निर्माण यस आ.व. भित्रमा सम्पन्न गरिनेछ ।

- नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुलाई उपलब्ध गराईने राष्ट्रिय निःशुल्क कार्यक्रममा अत्यावश्यक औषधिहरुको स्टक आउट हुन नदिन नियमित आपुर्तिको ब्यवस्थापन गरिनेछ ।
- आयुर्वेद तथा बैकल्पिक उपचार पध्दतिलाई प्राथमिकतामा राखिनेछ ।यस नगरपालिकामा रहेको आयुर्वेद औषधालयलाई आवश्यक पूर्वाधारको ब्यवस्थागरी फिजियोथेरापी सेन्टरका रुपमा विकसित गरिनेछ।संघिय र प्रदेश सरकार संग समन्वय गरी नियमित ब्यायाम योग शिविर संचालनलाई नितिगत ब्यवस्था गरिनेछ ।

- सरकारले निर्धारण गरेको विपन्न नागरिक औषाधि उपचार सम्बन्धि मृगौला रोग,मुटु रोग,क्यान्सर लगायतका जटिल पंकृतिका रोगको उपचारकालागी बिरामीलाइ उपचारको पहुँच सम्म पुर्याउन आवश्यक आर्थिक सहयोगको ब्यवस्थालाई निरन्तरता दिईने छ ।

- सबै स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई नगरबासी सबैको सर्व सुलभ पहुँचमा पुर्याउन र कार्यक्रम संचालन भएको सुनिश्चित गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र नगर अस्पतालको रुपमा स्तरोन्नती भइसकेकोले यसै आ.व. बाट अस्पतालको लागी आवश्यक भौतिक पूर्वाधार एवं अन्य आवश्यक औजार उपकरणको व्यवस्थापन गरिदै लगिनेछ । यसै आ.व. वाट शव गृह निर्माण गरि संचालनमा ल्याइने छ ।भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने जग्गा दाताहरुलाई नगरका तर्फबाट उचित कदर गरिनेछ ।
- नगरबासी सबै नागरिकलाई आकस्मिक सेवाको पहुँच सुनिश्चित गर्न एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्र संचालित सरकारी,निजि तथा गैर सरकारी क्षेत्र बिच सहकार्य,समन्वय तथा समझदारीलाई प्रबर्ध्दन,ब्यवस्थापन तथा नियमन गर्नुका साथै स्वास्थ्य सेवालाई संरक्षण गरिनेछ ।

- सुरक्षित मातृत्व कार्यक्रमलाई सुरक्षित,प्रभावकारी र सर्वसुलभ गुणस्तरीय सेवा प्रदान गर्न बर्थिङ सेन्टर बिस्तार गर्नको साथै दक्ष स्वास्थ्य जन शक्तिको विकास गरिनेछ ।
- सबै स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर सुनिश्चित गर्ने साथै संसार हेर्ने आँखा शिविर संचालन गर्न मेची आँखा अस्पताल सँग समन्वय र सहकार्य गरिनेछ।
- कोभिड-१९ को पहिचानको लागी सबै स्वास्थ्य संस्थाहरुबाट दैनिक प्रतिवेदनको व्यवस्था गरिनेछ ।
- कोभिड-१९ को महामारि रोकथाम तथा नियन्त्रणकालागी भईरहेका कृयाकलापलाई निरन्तरता दिदै अन्य आवश्यक कृयाकलापहरु सबै वडामा विस्तार गरिदै लगिनेछ ।
- कोभिड-१९ का शंकाष्पद सबै व्यक्तिको आवश्यकता अनुसार निःशुल्क RDT & PCR परीक्षणको व्यवस्था गरिनेछ साथै संक्रमित व्यक्तिहरुलाई उपचारको लागी यातायात खर्चको व्यवस्था गरिनेछ ।
- कोभिड-१९ को रोकथाम तथा नियन्त्रणकोलागी समुदायमा महिला स्वास्थ्य स्वयं सेविकाहरु नियमित परिचालन गरिनेछ र प्रतिवेदन संजालको बिस्तार गरिनेछ ।

- गत आ.व. बाट शुरु भएको मृगौला प्रत्यारोपण गर्ने बिरामीहरुलाइ दिइदै आएको निर्वाह भत्तालाइ निरन्तरताका साथै यस आ.व. बाट मुटुको भल्भ फेरेका बिरामीहरुलाइ समेत मासिक निर्वाह भत्ताको व्यवस्था गरिनेछ ।

## २.कृषि,पशु तथा सहकारी

- "देउमाई नगरपालिकाको पहिचान प्रांगारिक खेति अभियान" लाई साकार रुप दिन एक कृषक एक भकारो सुधार गर्दै भर्मि कम्पोष्ट पिटको कार्याक्रमलाई विशेष प्राथमिकताका साथ अगाडी बढाउन बजेटको व्यवस्था गरिएको छ।
- कृषिलाई आर्थिक विकासका आधारका रुपमा विकास गर्न कार्य विधि निर्माण गरिने छ।
- कृषिलाई वाध्याता हैन रहरका रुपमा विकास गर्न व्यवसायिक कृषि प्रोत्साहन कार्याक्रम लागु गरिने छ।
- उन्नत खालका पशुपालन, व्यवसायिक तरकारि तथा फलफुल खेति, व्यवसायिक मत्स्य पालन,मौरि पालन, अलैचि,अकबरे खोर्सानि, किवि, अदुवा,चिया कफि

लगायतका नगदे बालि व्यवसाय गर्ने कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

- कृषि तथा पशुपंक्षी सम्बन्धी तथ्यांक अद्धयावधिक गरी कृषक दर्ता तथा कृषक परिचय पत्र वितरण कार्यक्रम संचालन गरिनेछ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत राष्ट्रिय तथा स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली तथा बस्तुको व्यवसायिक उत्पादन केन्द्र विकास गरिनेछ।
- बाख्रा पकेट क्षेत्र तथा गाइ प्रवर्द्धन कार्यक्रम मार्फत मासु तथा दुग्ध जन्य उत्पादनमा देउमाई नगरपालिकालाई आत्मनिर्भर बनाउँदै निर्यातमुखि निति साथै कृषि बजार केन्द्रको स्थापना गरिनेछ ।

- व्यवसायिक पसुपालन तथा कृषिमा साझेदारि एवं सहकारीको कार्यक्रमहरुलाई प्रोत्साहन गरिने छ।
- कृषि सहकारितालाई र सामुहिक खेती प्रणालीलाई प्रोत्साहित गर्न सहकारि दर्ता ऐन अनुसार दर्ता प्रकृया सरल बनाईने छ। यसलाई उत्पादन वृद्धिको आधार

वनाईनेछ । महिला सहकारी र उध्यमसिलता विकासकोलागी विशेष निति तयार गरी लागु गरिने छ।

- संघिय सरकार र प्रदेश सरकारको समन्वय र सहकार्यमा कृषि आधुनिकिकरण र व्यवसायिकरण गर्दै कृषि पकेट क्षेत्रको कार्यक्रमलाई अगाडी बढाइनेछ साथै सेवा प्रवाहलाई सु-व्यवस्थित गर्न कृषि,पशु तथा सहकारी क्षेत्रमा विज्ञको सेवा तथा जनशक्ति व्यवस्थापन गरिनेछ।

## ३.रोजगारी तथा गरिवी निवारण

- विपन्न अवस्थामा रहेका जनताको आवास सुधार योजना अन्तर्गत फुस तथा खरका छाना भएका घरलाई संघिय सरकार र प्रदेश सरकारको सहकार्य मा टिनको छानाद्वारा विस्थापित गरिनेछ ।

- कोभिड -१९ का कारंण विदेशबाट फर्केका युवा शक्ति लाई उनिहरुको सिप र क्षमता को पहिचान गरी स्वदेश मै रोजगार बनाउन प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना र सुरक्षित आप्रवासन परियोजनामा समाहित गरिदै लगिनेछ ।
- वैदेशिक रोजगारीमा गएका तथा वैदेशिक रोजगारीबाट फर्कि आएका तथा निजको परिवारको सामाजिक सुरक्षा तथा सहायताको लागि देउमाई नगरपलिका मातहतमा रहने गरि नगर प्रमुख सुरक्षित आप्रवासन आपतकालिन कोषको स्थापना आ.व. २०७७/७८ भित्र गरिने छ ।

- नगरक्षेत्र भित्र वसोवास गरेका श्रम सक्रिय जनशक्तिलाई स्वरोजगार तर्फ उन्मुख गराउन घरेलु तथा साना उधोग क्षेत्र, सीप तथा व्यवसायिक प्रर्वधन गर्न संघिय र प्रदेश सरकार संग आवश्यक समन्वय गरि क्षमता अभिवृद्दि कार्यक्रमलाई वार्षिक बजेटमा समावेस गरिने छ।
- यस नगरमा रहेको रोजगार सेवा केन्द्र लाई थप सवलीकरण गर्दै नगरभरीका सम्पूर्ण बेरोजगार व्यक्तिहरु

एवं रोजगारदाताहरुको वास्तविक विवरण सहितको श्रम बैंकको रुपमा विकसित गर्दै लगिने छ ।

## ४.शिक्षा

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षालाई स्थानिय तहको अधिकार भित्र समावेस गरे अनुरुप यस स्थानिय सरकारले नगर शिक्षा विकासको लागि आवस्यक शैक्षिक निति निर्माण गरी आएको छ।

- शिक्षा मानवविकासको पहिलो सुचक भएकोले, नगरका सम्पुर्ण वालवालिकालाई शिक्षाको पहुचमा पुर्याउन नगरपालिका क्षेत्रका प्राथमिक उमेरका सम्पूर्ण वालवालिकाहरुलाई अनिवार्य विद्यालय भर्ना गर्न गराउन अभियानका रुपमा संचाल गरिने छ। गरिविका कारणले शिक्षामा पहुच नहुने अवस्थालाई निरुत्साहित गर्न विध्यालयहरुमा छात्रवृति कोष स्थापना गर्ने वातावरण बनाईने छ ।
- संचालनमा रहेका प्राविधिक शिक्षालाई स्थर उन्नति गरेर स्थानिय स्तरमै स्वरोजगार प्रवर्धन गराइने छ।समयको

माग संगै सामुदायिक विध्यालयहरुमा अङ्ग्रेजि माध्याम बाट अध्यापनगर्न अनिवार्य गरिने छ। उच्च शिक्षाको क्षेत्रमा विषेश सहयोगको व्यवस्था गरिने छ। नगरभित्रका प्रत्येक माध्यमिक विध्यालयमा कम्प्युटर शिक्षण सिकाईका लागि आवस्यक पर्ने भौतिक तथा मानविय पुर्वधारको विकास सहित आधुनिक प्रयोगशालाको व्यवस्थापन गरिदै लगिनेछ।

- नगरपालिका भित्रका सामुदायिक विद्यालयहरु साथै मंगलबारे बहुमुखि क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि गरी मंगलबारे बहुमुखी क्याम्पस लाइ स्थाइत्व प्रदान गर्नका लागी आवस्यक निति अवलम्वन गरिनेछ ।
- विश्व महामारीको रुपमा रहेको कोभिड १९ संक्रमणका कारण विश्व नै आक्रान्त भएको अवस्थामा शिक्षा क्षेत्र यसबाट अछुतो रहन सकेन, जसले गर्दा यस नगरपालिकाको शैक्षिक क्षेत्रको शिक्षण सिकाइमा अवरोध भइ विध्यार्थिहरुको शिक्षण सिकाइ क्रियाकलाप अवरोध भइरहेको अवस्थामा सुचना प्रविधिको प्रयोग मार्फत शिक्षण सिकाइ क्रियाकलापलाई अघि बढाइने छ

साथै वैकल्पिक शिक्षण सिकाइको अवधारणलाई समयानुकुल बनाउदै लगिनेछ ।

- विध्यालय नर्सिङको अवधारणालाई प्रत्येक सामुदायिक माध्यमिक विध्यालयमा विस्तार गरिदै लगिनेछ ।
- प्राविधिक धारका विध्यार्थीहरुबाट लिन सकिने सेवालाइ पहिलो प्राथमिकता दिइ अघि बढिने छ ।
- गत आ.ब. देखि संचालन गरिएको नगर प्रमुख छात्रवृति कोषबाट छात्रवृति पाइ ईन्जिनियरिङ अध्ययनरत विध्यार्थीहरुलाई अझ उच्च मनोवल बढाइ प्रविधिक शिक्षालाइ देउमाईको शिक्षा आधार बनाइने छ ।
- सामुदायिक माध्यमिक विध्यालयहरुलाई समयानुकुल आधुनिकिकरण गर्दै प्रविधि मैत्रि बनाउदै लगिनेछ ।
- विध्यालयहरुमा विध्यार्थीहरुको सहज पहुँचका लागि यातायातको व्यवस्था गर्न लागत सहभागिताको आधारमा विध्यालय बसको व्यवस्था गरिने छ ।
- सामुदायिक विध्यालयमा कार्यारत कर्मचारी तथा स.का. हरुको योगदानलाई कदर गर्दै राहतको महसुस गराउन प्रोत्साहन गरिनेछ ।

## ५.भौतिक पूर्वाधार विकास नीति

दिगो विकास र व्यवस्थित आवास योजना साकार रुप दिन सम्भावना पहिचान भएका क्षेत्रमा फराकिला सडक सहित एकिकृत आवासको प्रत्येक वडावाट प्राथमिकतामा परेका भौतिक पूर्वाधार विकासको योजना बार्षिक कार्यक्रममा समायोजन गर्ने प्रयास गरिएको छ ।

- गत आर्थिक वर्षको कार्याक्रममा समावेश भएका बहुबर्षिय योजनाहरुलाई क्रमागत योजनाकारुपमा संचालन गरिने छ।
- देउमाई नगरपालिकामा वजार क्षेत्र विस्तारको लागी वैकल्पिक मार्गको स्तर बृद्दि गर्ने कार्य शुरु भै सकेको छ, उक्त सडकका क्षेत्रमा बसोवास व्यवस्थित बनाउन थप पुर्वधारको व्यवस्था गरिने छ साथै बजार क्षेत्रका सहरी सडकहरुको स्तरवृद्दि गरि नमुना पिचका कार्यक्रमहरु संचालन गरिने छ ।
- नयाँ सडक वनाउने भन्दा पनि भै रहेका सडकको गुणस्तर स्तरोन्नतीको कार्यलाई पहिलो प्राथमिकतामा राखिनेछ ।

- सडक संचालन तथा संरक्षण सम्बन्धि आवस्यक निति निर्माण गरि कार्यान्वयनमा ल्याईने छ।
- भौगोलिक रुपमा एक भन्दा बढि वडा जोड्ने सडकहरलाई उच्च प्राथमिकता दिएर योजनामा समावेस गरिने छ।
- ग्रामीण सडक सन्जाल निर्माण तथा सिचाई आयोजनाहरु छनौट गर्दा कृषि तथा पर्यटनलाई प्रवर्धन गर्ने गरि कार्यक्रममा समावेस गरिने छ।
- मंगलबरे गजुरमुखि सडकलाई स्तर बृद्धि गरि कालोपत्रे गर्न केन्द्र र प्रदेश सरकारसंग सम्वन्वय गरी अधि बढाईने छ ।
- पाचँथर जिल्ला देखि देउमाई नगरपालिका वडा न. १ को देउरालि -चैरि वजार- विन्दुले- हुदै देउमाई नगरपालिकाको केन्द्र मंगलबारे बाट गाग्रे भन्ज्याङ- जितपुर- शिद्दिथुम्का हुदै विर्तामोड जाने सडकलाई नगरको गौरव आयोजनाका रुपामा अगाडी बढाइने छ।
- रक्से मंगलबारे सडकलाई नमुना सडकका रुपमा विस्तार गरिने छ।

- नगर क्षेत्रभित्र अधिकांस सडक धुले सडक रहेका छन यि सडकहरुलाई क्रमिक रुपमा ग्राभेल र कालो पत्रे गर्ने रणनितिक योजना निर्माण गरिने छ ।
- नगरपालिकाका बिभिन्न सडक तथा संरचनाको निर्माणको लागि वातावरण प्रभाव मुल्यांकन तथा विष्तृत आयोजना अध्ययन रिपोर्ट तयार गरिने छ।
- नगरपालिकाको सेवा प्रवाहका लागि आवस्यक पर्ने भवन निर्माणको क्रममा प्रत्येक वडा कार्यलयहरु तथा विषयगत कार्यालयहरुको आफ्नै जमिन रहेको अवस्थामा आफ्नै भवन निर्माणका लागि संबन्धित निकाय संग सम्वन्वय गरि आवस्यक वजेटका लागि पहल गरिने छ।
- नगरपालिका भित्र विकसित हुने सडक संजालहहरुलाई व्यवस्थित गर्न नगर सडक गुरुयोजना बनाई अघि बढिनेछ।
- उपभोक्ता समितिबाट हुँदै आएका ठूला तथा मझौला विकास आयोजनाहरुमा सार्वजनिक खरिद ऐन तथा

सार्वजनिक खरिद नियमावलीको अधिनमा रहि ठेक्काको निति अवलम्वन गरि आयोजना संचालन गरिनेछ।

- भवन आचारसंहिता कडाईका साथ लागु गरि नक्सा पास अनिवार्य गरिनेछ ।
- नगरबाट संचालित आयोजनाहरुको अनुगमन तथा निरिक्षण कार्य प्रभावकारी बनाउने हेतुले "प्रविधियुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली" लागु गरिनेछ ।
- ट्र्याक खोलिएका सडकहरुलाई क्रमिक रुपमा "All weather road" का रुपमा विकसित गरिनेछ ।
- कोभिड १९ संक्रमणका कारण सिर्जित बेरोजगारी समस्यालाई संबोधन गर्ने उद्देश्यले प्रत्येक वडामा कम्तिमा एउटा योजना पूर्णरुपमा मानवसंसाधनको प्रयोग गरि सम्पन्न गरिनेछ ।

## ६. खानेपानी तथा सिँचाई

- स्वच्छ खानेपानी स्वस्थ जिवनको पहिलो आधार हो।यसर्थ एक घर एक धारा कार्यक्रमलाई अगाडि बढाउन ग्रामिण र विपन्न वस्तिमा आवस्यक भौतिक वस्तुको व्यवस्थापन गरिने छ।

- संघिय सरकार र प्रदेश सरकारको समन्वय र सहकार्यमा संचलित ठूला तथा साना सिँचाई कार्यक्रमलाई कृषि तर्फ अधिक प्रयोग हुनेगरि नगरका सम्पुर्ण कृषि योग्य जमिनलाई सिन्चित गराउने निति लिइनेछ ।

## ७.वातावरण र सरसफाइ

- फोहोर मैला उत्पादनलाई निरुत्साहित गर्न र संकलन भएको फोहोरलाई उचित व्यवस्थापन गर्न निर्धारित स्थानको ल्यान्ड फिल्ड साइटलाई सुधृढिकरण गरी संचालन गरिने छ । साथै दिर्घकालिन रुपमा नगरभित्रको फोहोरमैला व्यवस्थापनको निमित्त व्यवस्थित ल्यान्ड फिल्ड साइट निर्माण गर्न जग्गा प्राप्ति भइसकेको हुँदा यस आ.व.०७७।७८ मा नै निर्माण कार्य अघि बढाइनेछ ।

- नगर भित्र संचालन गरिने ठूला आयोजनाहरुमा वातावरणीय  प्रभाव मूल्याङ्कन गरि अघि बढाइने छ ।

## ८. विधुत तथा वैकल्पिक उर्जा

- हाम्रो देउमाई उज्यालो देउमाई सपनालाई साकार रुप दिन सम्पुर्ण नगरवासिलाई पाँच वर्षभित्र पुर्ण विधुत पहुचमा ल्याउने निति अनुरुप विधुतिकरण कार्यक्रमलाई उच्च प्राथमिकतामा राखिदै आएको यहाँहरु समक्ष सर्वविधितै छ।
- वढ्दो विधुतको प्रयोगलाई मध्यनजर गर्दे नेपाल सरकारको नीति अनुरुप अव वन्ने नयाँ संरचनाहरुमा कुल उपयोगको कम्तीमा २५ प्रतिशत विधुत सोलार प्रणालीवाट आपूर्ति हुने व्यवस्थालाई लागत सहभागिताका कार्यक्रमबाट प्रोत्साहित गरिने छ ।
- देउमाई नगरपालिकाको सार्वजनिक क्षेत्रमा लागत सहभागीतामा आधारीत सौर्य सडक बत्ति वाल्नको लागि सडक वत्तीको लागी सोलार जडान गर्ने काम क्रमागत

रुपमा निरन्तर अगाडि बढाउने कार्यक्रमलाइ निरन्तरता दिइने छ।

- धुवामुक्त नगरको रुपमा देउमाई नगरपालिकालाई विकास गर्न सुधारिएको चुलो (बायोमास) प्रविधि जडान, विधुतिय चुलो तथा बायोग्याँस जडान कार्यलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

## ९.पर्यटन

- पर्यटन प्रर्वधनका लागी नगरका प्रमुख पर्यटकीय स्थलहरुको पूर्वाधार विकास गरिनेछ ।नगरपालिका क्षेत्रभित्र पर्यटकिय स्थानहरुको संरक्षण र सम्बर्धन गर्न पर्यटन प्रर्वधनमा विशेष बजेटको व्यवस्था गरिने छ ।
- नगरक्षेत्रमा पर्यटन प्रर्वधनका लागी पर्यटनसँग सम्वन्धित व्यवसायी तथा निकायहरुसँग सहकार्य गरिने र होम स्टे साथै शिद्दिथुम्का चुले देखि कुहिभिर पद मार्गलाई प्राथमिकताका साथ अगाडी बढाउने नीति लिइएको छ।

- देउमाई नगरपालिकामा पर्यटन प्रवर्धनका निम्ति चिडियाघर, रक-कल्याम्विङ्ग, प्यारा ग्लाईडिङ को सम्भाव्यता अध्ययन यसै बर्षबाट थालनि गरिने छ।
- यस नगरपालिकाका धार्मिक,संस्कृति,ऐतिहासिक,भौतिक पर्यटकीय स्थलहरुको राष्टिय तथा अन्तराष्टिय क्षेत्रमा प्रचार प्रसार गरी पर्यटकीय गन्तव्यको रुपमा नगरपालिकालाई विकासको लागि उक्त क्षेत्र संरक्षण गर्न बजेट व्यस्थापन गरिने छ । साथै उक्त स्थानहरूकोप्रचार प्रसारलागि स्थानीय,क्षेत्रीय,राष्टिय तथा अन्तराष्टिय संचार माध्यमलाई परिचालन गर्ने नीति अवलम्वन गरीनेछ ।
- पर्यटन प्रवर्धनगर्ने उदेश्यसाथ व्यवसाय गर्ने व्यवसायलाई प्रोत्साहन गर्न विषेश कर छुटको निति अवलम्बन गरि आन्तरिक पर्यटन प्रवर्धनका लागि विभिन्न पर्यटकिय क्षेत्रको अवलोकन गर्ने कार्यक्रम संचालन गर्ने निति लिइने छ।
- पर्यटन क्षेत्रको बृहत्तर विकासको लागि नगरको पर्यटन विकास गुरुयोजना बनाई अघि बढिनेछ ।

## १०.लक्षितवर्ग तथा समावेशीकरण

- लक्षित वर्गका आवस्यकता पहिचान गरि शिप विकास र आयआर्जन गर्ने तालिमका कार्यक्रम संचालन गरिने छ।
- दलित महिला तथा अपाङ्गता भएका व्यक्तिलाई सचेतना तथा सिपमुलक कार्यक्रमको लागि सहयोग गरि रोजगारिको अवसर शृजना गरिने छ ।
- जिवनको उत्तरार्धमा आइरहेको पारिवारिक हेलित अवस्थाले बृद्ध आश्रमको सरणमा जाने सामाजिक कुरितिलाई निरुत्साहित गर्नका लागि बृद्ध बुवा आमाको एक आपसका भावना, अतितका शुख दुख साटासाट गर्न जेष्ठ नागरिक भेटघाट चौतारीको स्थापना गर्ने निति लिईने छ।

## ११.युवा तथा खेलकुद

राष्ट्रलाई आवस्यक पर्ने खेलकुद तर्फका राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न देउमाई नगरपालिका सक्षम हुदै आएको कुरा यहाहरुमा विधितै छ, यस

अवस्थालाई निरन्तर्ता दिन नगरमा खेलकुद प्रशिक्षक व्यवस्थापन मार्फत नगर भित्र रहेका बिभिन्न क्षेत्रका खेल र खेलाडीहरुको पहिचान गरी उनिहरुको प्रतिभालाई अझ प्रष्फुटित गरराउन आवस्यक खेलकुद निति निर्माण गरी युवाहरुलाई अझ प्रोत्साहन गर्दै लाने निति लिइने छ।

- युवा शक्तिको क्षमतालाई प्रष्पोटन गर्न विशेष निति लिइने छ।
- नगरमा खेलकुद ग्राम निर्माण गरि युवाहरुलाई खेलकुद गतिविधि तर्फ आकर्षित गर्दै लगिने छ ।

## १२.मानव संशाधन विकास

भौतिक पूर्वाधार विकासको सुनिश्चितताका लागि दक्ष मानव संसाधनको आवश्यक पर्ने हुँदा जनतामा प्रवाह गरिने सेवालाई थप प्रभावकारी वनाउन सो कार्यमा जन प्रतिनिधि साथै कर्मचारिको सीप र क्षमता विकासका लागि तालिम तथा शैक्षिक गुणस्तर सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- यस कार्यालयमा कार्यरत जनशक्तिलाई आवश्यक प्रोत्साहनको व्यवस्था गरिने छ साथै आधुनिक प्रविधि तर्फ अगाडि बढाउन प्रत्येक वडा कार्यालयबाट सहभागिता जनिने गरि प्राविधिक, प्रशासनिक जनशक्तिलाई निरन्तर तालिम तथा भौतिक पुर्वाधारको आवस्यकतालाई व्यवस्थापन गर्ने निति लिईने छ।

## १३.सुचना तथा संचार प्रविधि

सूचना प्रविधिको प्रयोग संगै नेपाल सरकारले राखेको E Governance को अवधारणालाई साकार रुप दिनको लागि यस देउमाई नगरपालिकामा विगतका बर्ष देखिनै सूचना तथा प्रविधि क्षेत्रमा  आवश्यक कदम चाल्दै गईरहेको सबैमा अवगत नै छ ।

- यस बर्षबाट यस नगरपालिकालाई नविनतम प्रविधिको प्रयोग संगै नगरपालिकाको प्रशासनिक कार्यलाई एकिकृत सफ्टवयर प्रणालीमा आवद्ध गरी  थप प्रभावकारी तथा पारदर्शी बनाई सुशासन प्रवर्दन गर्दैं अघि बढीने छ ।
- नगरपालिकाको सम्पूर्ण विषयगत शाखा तथा मा वि तहका  विध्यालयमा विधुतिय हाजिरी जडान कार्यलाई

पूर्णता दिइनेछ साथै ईन्ट्रानेट जडान मर्फत वडा तथा नगर विच डाटा आदान प्रदान कार्यलाई थप प्रभावकारी बनाईदै लागिने छ ।

- बढ्दो प्रविधिमा आधारीत जिवन शैलि तथा प्रविधि क्षेत्रमा नगरबासीको पहुँच पुऱ्याउने उदेश्यका साथ नगरपालिकाको विभिन्न क्षेत्रमा नगरबासीको लागत सहभागीतामा फ्री वाईफाइको व्यवस्था गरिने छ ।
- पुरानै शैलिमा रहेको कागजी काम काजलाई डिजिटाईज गरि डिजिटल नगरपालिको अवधारणालाई साकार रुप दिईने छ ।
- विश्व व्यापी रुपमा फैलिएको कोभिड १९ कोरोना भाईरस का कारण शैक्षिक क्षेत्रको शिक्षण सिकाईमा भएको अवरोधलाई मध्य नजर गर्दै यस बर्ष सूचना प्रविधि मा आधारीत सिक्षण सिकाईलाई प्राथमिकता दिईने छ ।

## १४.राजस्व तथा वित्तिय व्यवस्था

- करदातालाई प्रोतसाहान गर्न समयमै कर तिर्ने करदातालाई विशेस छुटको व्यस्था गरिने छ।

- कर तिर्नु असल नागरिकको कर्तव्य हो भन्ने भावनाको विकास गरिनेछ र सम्पुर्ण व्यवसाय तथा सेवा क्षेत्रलाई करका दायरामा ल्याइने छ ।
- चालु आर्थिक वर्षवाट करदाता मध्ये सवैभन्दा वढी कर तिर्ने एकजना करदातालाई उचित सम्मान गरिने छ ।

## १५. भु उपयोग तथा वस्ति विकास

- भु-उपयोग राष्ट्रिय विकास नितिलाई अवलम्बन गरिने छ।
- एकिकृत तथा व्यवस्थित वस्ति विकासलाई कार्ययोजना बनाई लागु गरिने छ।
- पुराना घरको अभिलेखिकरण तथा नया घर नक्सा पास अनिवार्य गरिने छ।

## १६. प्राकृतिक श्रोत व्यवस्थापन

- नगर भित्र रहेका सार्वजनिक क्षेत्र तथा जग्गाको संरक्षण गरिने छ।
- देउमाई, पुवामाइ, र माई खोला क्षेत्रमा ग्रिन बेल्ट निर्माणका लागि योजना निर्माण गरिने छ।

- सार्वजनिक तथा सामुदायिक बनका उत्पादन, नदिजन्य उत्पादन (ढुंगा, गिटि,  वालुवा तथा जलचर समेत ) र बन क्षेत्रका बन्यजन्तु र जडिबुटिको उपयोगमा विषेश निति बनाएर लागु गरिने छ।

## १७. उधोग

यस क्षेत्रमा पाइने कच्चा पदार्थको प्रशोधन गर्ने घरेलु तथा साना उधोग, कृषिजन्य, वन जन्य उधोग स्थापना तथा संचालन लाई प्रोत्सन गर्ने निति बनाइने छ साथै लघु उध्यम विकासका लागि संघिय सरकार, प्रदेश सरकार संग सहकार्य गर्दै अघि बढिनेछ ।

## १८.सुरक्षा

नगर भरिका जनतालाई सुरक्षाको पुर्ण प्रत्याभुति दिन विभिन्न सुरक्षा निकायसंग समन्वय गरेर सुरक्षाको पहुच सम्पुर्ण जनतामा पुर्याउने निति अवलम्बन गरिने छ। प्रत्येक वडामा प्रहरि विटको व्यवस्थापन गर्न पहल गरिने छ।

## १९. अन्य निकाय संगको सम्बन्ध

यस नगरपालिकाको छिमेकमा रहेका इलाम नगरपालिका, माई नगरपालिका, माङसेबुङ गाउपालिका र फाकफोकथुम गाउपालिका संग सडक संजाल , पर्यटन विकास, जल उपयोग र व्यापार क्षेत्रमा सहयोग तथा साझा निति बनाइ आव्स्यक क्षेत्रमा लागु गरिने छ।साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था संग भगिनि सन्बन्ध जोड्दै अघि बढिने छ।

## २०. सेवा सुविधा

नगरपालिकाका कर्मचारीहरुलाई नगरपालिकाले लिएको निति तथा कार्यक्रमको कार्यान्वयन गर्दै नगरवासीहरुको दैनिक तथा प्रशासनिक सेवा छिटो छरितो ढङ्गले प्रवाह गर्न प्रोत्साहित गरिने छ ।

## २१.सामाजिक विकास

- जेष्ट नागरिक, समाजका अभिभावकका रुपमा रहने हुदा वहाहरुलाई सम्मान र सम्रक्षण गर्न नेपाल सरकारले दिदै आएको सामाजिक सुरक्षा भत्तामा केहि थप गरि पोसाक

सहयोग व्यवस्था गरिएको छ, उक्त कार्यलाई थप प्रभावकारि रुपमा संचालन गरि निरन्तरता दिइने छ ।

- समाजका हरेक वर्ग र सम्प्रदायलाई एउटै भावनाले अगाडि बढाउन हाम्रो समाजमा रहेका जातिगत संस्कार अनुसार सम्पुर्ण जातजातिको संस्कृतिलाई संरक्षण र सम्वर्दन गर्दै आ-आफ्ना संस्कार अनुसार हुने सामाजिक कृयाकलापका कार्याक्रमलाई थोरै भएपनि सहयोग पुगोस भन्ने उदेश्यले दाह संस्कारका लागि सहयोग गर्ने निति लिइएको छ, यसलाई निरन्तर्ता दिईने छ।
- यस नगरपालिका भित्र अन्य क्षेत्रबाट नगर भित्रको पर्यटन, कृषि र शिक्षा तर्फ आकर्शित भएर बसाई सराई गरी आउने नागरिकलाई विषेश प्रोत्साहन गरिने छ।

यस नगरपालिकालाई संविधानले व्यवस्था गरेका अधिकार क्षेत्रभित्रका थप आवस्यक ऐन, नियम, निर्देशिका हरुको निर्माण गर्दै कार्यान्वयनमा ल्याइने छ।

कार्यक्रमका कार्यान्वयनमा आवस्यक समन्वयको अपेक्षा गर्दै कार्यसमितिका सदस्यहरु, सभाका सदस्यहरु तथा सम्पुर्ण सरोकारवाला क्षेत्रहरुलाई धन्यवाद ज्ञापन गर्दछु।